अनुसूची १

(मतदाता नामावली अद्यावधिक कार्यविधि, २०८१ को दफा ४ को उपदफा (२), दफा ६ को उपदफा (१), (३), (४) र दफा १३ को उपदफा (३), (१०) सँग सम्बन्धित)

# प्रमुख नाम दर्ता अधिकारीको कार्यालय

## पर्वत

## मतदाता नामावली अद्यावधिक कार्यक्रमसम्बन्धी सूचना

मतदाता नामावली अद्यावधिक कार्य २०८२ साल मङ्सिर र पुस महिनामा देहायका क्रियाकलाप सहित सञ्चालन हुने हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। सबै मतदाताले आफ्नो विवरण हेरी कुनै विवरण अद्यावधिक गर्नुपर्ने भएमा निम्नानुसारको मिति र स्थानमा सूचना तथा निवेदन पेश गर्न आयोग अनुरोध गर्दछ।

| क्र.सं. | क्रियाकलाप | देखि | सम्म | कार्य सम्पादन हुने स्थान/सम्पर्क गर्ने स्थान |
|---|---|---|---|---|
| १ | आयोगको वेबसाइटमा मतदाता नामावली प्रकाशन गर्ने | २०८२/०८/२० | | https://www.election.gov.np |
| २ | मतदाता नामावलीमा रहेको त्रुटि सच्याउन निवेदन दिने | २०८२/०८/२१ | २०८२/०८/२७ | अनलाइन (https://applyvr.election.gov.np) वा निर्वाचन कार्यालय |
| ३ | कसैले झुट्टा विवरण दिई नामावलीमा नाम समावेश गरेको भए सोको विरोधमा उजुरी दिने | | | |
| ४ | कुनै मतदाताको नाम एकभन्दा बढी स्थानमा समावेश भएकोमा एक स्थानमा मात्र कायम गर्न निवेदन दिने | | | |
| ५ | मतदाता नामावलीमा मृत्यु भएका वा नागरिकता त्याग गरेका मतदाताको नाम मतदाता नामावलीबाट हटाउनको लागि सूचना दिने | | | |
| ६ | वडा कार्यालयमा दर्ता भएका निवेदन प्राप्त गर्ने, बसाईं सरी अन्यत्र गएका वा मृत्यु भएका मतदाताको विवरण स्थानीय पञ्जिकाधिकारीबाट र नागरिकता त्याग गरेका मतदाताको विवरण जिल्ला प्रशासन कार्यालयबाट प्राप्त गर्ने र सूचना/निवेदन प्राप्त नभए तापनि कुनै मतदाता बसाईं सरी गएको, मृत्यु भएको, नागरिकता त्याग वा रद्द भएको प्रमाणित विवरण प्राप्त गर्ने | २०८२/०८/२१ | २०८२/०८/२७ | निर्वाचन कार्यालय |
| ७ | उजुरी परेको मतदातालाई प्रमाणसहित सफाइको मौका दिने | २०८२/०८/२८ | २०८२/०९/०१ | निर्वाचन कार्यालय |
| ८ | मतदाता नामावलीबाट हटाउने सम्बन्धमा आवश्यक छानबीन गरी प्रमुख नाम दर्ता अधिकारीले त्रुटि सच्याउने, नाम हटाउने लगायत कानून बमोजिम निर्णय गर्ने | २०८२/०९/०२ | २०८२/०९/०५ | निर्वाचन कार्यालय |
| ९ | नाम हटाइएको सूचना निर्वाचन कार्यालय र सम्बन्धित वडा कार्यालयमा प्रकाशन गर्ने र फरक फरक जिल्लामा दोहोरो नाम परेको सम्बन्धमा निवेदन प्राप्त भए सोको छुट्टै विवरण तयार गरी जिल्लामा अद्यावधिक भएको डाटासंगै आयोगमा पठाउने | २०८२/०९/०६ | २०८२/०९/०९ | निर्वाचन कार्यालय र वडा कार्यालय |
| १० | अन्तिम मतदाता नामावली प्रकाशन गर्ने | २०८२/०९/१५ | | निर्वाचन आयोग |

जिल्ला निर्वाचन अधिकारी

फोन नं. : ०६७-४२०१०९
E-mail : ec.deo.parbat@gmail.com

निर्वाचन आयोग
# जिल्ला निर्वाचन कार्यालय
पर्वत

प.सं. : २०८२/०८३
च.नं. : 968

मिति :- २०८२।०८।१७
ने.सं. ११४६ थिंलाथ्व, १३ बुधबार

विषय :- मतदाता नामावली अद्यावधिक कार्यक्रम बारे ।

श्री कुश्मा नगरपालिका/फलेवास नगरपालिकाको कार्यालय, पर्वत ।
श्री जलजला/मोदी/पैयुँ/विहादी/महाशिला गाउँपालिकाको कार्यालय, पर्वत ।

उपर्युक्त विषयमा मिति २०८२।११।२१ गते हुने प्रतिनिधि सभा सदस्य निर्वाचनका लागि मतदाता नामावली अद्यावधिक गरी अन्तिम नामावली तयार गर्ने कार्य भैरहेको छ । यसै सन्दर्भमा मिति २०८२।०८।२० गतेदेखि मतदाता नामावली अद्यावधिक (दाबी विरोध) कार्यक्रम संलग्न सूचना (अनुसूची-१) बमोजिम देशव्यापी रुपमा वडा स्तरसम्म संचालन हुदैछ । तसर्थ तहाँबाट तपसिल अनुसारका कार्य गरी मतदाता नामावली अद्यावधिक कार्यमा सहयोग तथा समन्वय गरिदिनुहुन अनुरोध छ ।

तपसिल

१. पत्रसाथ संलग्न रहेको मतदाता नामावली अद्यावधिक कार्यक्रम सम्बन्धी सूचना (अनुसूची-१) तहाँ कार्यालयको सूचना पाटीमा टाँस गर्ने तथा वेवसाइटमा राख्ने व्यवस्था गरी स्थानीय तह भित्रका मतदातालाई मतदाता नामावली अद्यावधिक कार्यका लागि सूचित गरिदिनुहुन ।
२. मतदाता नामावली अद्यावधिक सम्वन्धी कार्यका लागि स्थानीय पञ्जिकाधिकारीलाई तोकिएको समयमा कार्यसम्पादन गर्न निर्देशन हुन ।
३. निर्वाचन कार्यालयबाट माग भएका विवरणहरु समयमानै उपलब्ध गराउने साथै वडा कार्यालय/स्थानीय पञ्जिकाधिकारीहरुलाई समेत समायमा नै विवरण उपलब्ध गराउन निर्देशन हुन ।

२०८२।०८।१७
(बुद्धिराम उपाध्याय)
जिल्ला निर्वाचन अधिकारी
जिल्ला निर्वाचन अधिकारी